**बैठक संख्या ६३**

**मिति: २०७६/०४/०३**

आज मिति २०७६ साल श्रावण ३ गते शुक्रबारका दिन अर्जुनधारा नगरपालिकाका नि.प्रमुख श्री कमला खतिवडा आचार्य ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिका (बोर्ड) मा देहाय बमोजिम उपस्थिती रह्यो।

| | | | | |
|---|---|---|---|---|
| १ | नि. नगर प्रमुख | श्री कमला खतिवडा आचार्य | अध्यक्ष | |
| २ | नि.प्रमुख प्रशासकीय अधिकृत | श्री तोयानाथ रेग्मी | सचिव | |
| ३ | वडाध्यक्ष | श्री गजाधर खतिवडा | सदस्य | |
| ४ | वडाध्यक्ष | श्री रघुनाथ खनाल | सदस्य | |
| ५ | वडाध्यक्ष | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ६ | वडाध्यक्ष | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ७ | वडाध्यक्ष | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ८ | वडाध्यक्ष | श्री लोकनाथ गौतम | सदस्य | |
| ९ | वडाध्यक्ष | श्री नवराम ढुङ्गाना | सदस्य | |
| १० | वडाध्यक्ष | श्री गोपीचन्द्र गौतम | सदस्य | |
| ११ | वडाध्यक्ष | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १२ | वडाध्यक्ष | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| १३ | वडाध्यक्ष | श्री भैरवबहादुर खड्का | सदस्य | |
| १४ | सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| १५ | सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| १६ | सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| १७ | सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| १८ | सदस्य | श्री दिलमाया शिवा | सदस्य | |
| १९ | सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| २० | सदस्य | श्री खिनमान दास | सदस्य | |
| २१ | सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| १. | सहायक (चौथो) | श्री सौजत कट्वाल | आमन्त्रित | |
| | | | | |
| | | | | |

बैठक संख्या ६३ मिति: २०७६/०४/०३

**मिति २०७६/०४/०३ को नगर कार्यपालिका बैठकका निर्णयहरु**

१. अर्जुनधारा नगरपालिका वडा नं ११ स्थित सालबाडीमा भद्रपुर नगरपालिका वडा नं ८ बस्ने श्री हरिकुमारी खड्काको नाममा दर्ता कायम साविक शनिश्चरे गा.वि.स. वडा नं ६ कि.नं १६४ को ज.वि.१८-५-० (अठार विगाहा पाँच कट्ठा) जग्गा वि.सं.२०३६ सालबाटै स्थानीय फिपराज लिम्बु समेत ३८ परिवारले जोतभोग गरि आएकोमा उक्त जग्गाका जग्गाधनी र जोतभोग गर्ने दुवै पक्ष बिच विभिन्न मितिमा छलफल हुँदा उक्त जग्गा जग्गाधनी र जोतभोग गर्ने परिवारहरुले ५०-५० प्रतिशत लिने दिने सहमति भई मञ्जुर समेत भएकाले हाल:खेतीयोग्य जग्गा कित्ताकाट गर्न रोक्का रहेकाले उक्त जग्गा सहमतिमा लिनेदिने भएको र धैरै परिवारमा बाँडफाँड गर्न कित्ताकाट समेत गर्नु पर्ने हुँदा उक्त जग्गा कित्ताकाट गर्नका लागि अनुरोध गरी सम्बन्धित निकायमा सिफारिस गर्ने ।

२.वादी अर्जुनधारा नगरपालिका वडा नं ५ बस्ने बुदाई मुर्मु सतार प्रतिवादी यस नगरपालिका समेत भएको मुद्दा नं ०७५-८४-०२०३ को जालसाजी मुद्दामा उक्त मुद्दाको प्रतिउत्तर पत्र पुर्याउन,गुज्रेको म्याद थाम्ने निवेदन गर्न,कानुन व्यवसायी मुकरर गर्न,वारेस नियुक्त गर्न लगायतका सो मुद्दासँग सम्बन्धित कामकारबाही गर्नका लागि यस अर्जुनधारा नगरपालिकाका नगर सभा सदस्य श्री टुम्मनाथ काफ्लेलाई अख्तियारी दिने ।

३.विपद व्यवस्थापनका सम्बन्धमा विपद् व्यवस्थापन कार्यदलले कार्यपालिका सदस्यहरु समेतको सहयोग लिई आवश्यक कार्य गर्ने ।बाढीले क्षति पुर्याएका सडकहरुको मर्मतका लागि कार्यपालिकाबाट स्वीकृत हेभी उपकरण सञ्चालन कार्यविधि बमोजिम उपकरण सञ्चालकले पाउने भत्ता नगरपालिकाबाट व्यवस्था गरी नगरपालिकाका हेभी उपकरणहरु प्रयोग गरी सडक मर्मत सम्भार गराउने ।साथै,वडा नं ४ मा बाढी नियन्त्रणका कार्यदलको निर्देशन बमोजिम ४० घण्टा व्याक हो लोडर र १८ घण्टा स्काभेटरको प्रयोग भएकामा उक्त खर्च उपलब्ध गराउने ।

४.नगरपालिका भित्रका नक्सामा भएका तथा चलनचल्ती बाटो कुलो पैनी लगायतका सार्वजनिक महत्वका सम्पत्तिहरु मा कहिँ कतै अवरोध भएको पाइए उक्त अवरोध खुलाउन नगरपालिकाले आवश्यक कारबाही अघि बढाउने ।

५.वडा नं २ बस्ने श्री गिताप्रसाद भट्टराईलाई रु ५ हजार मात्र औषधोपचार सहयोग उपलब्ध गराउने ।